# सोलुदुधकुण्ड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

प.सं.: २०८१/०८२
च.नं.: ३४

मिति: २०८१/०५/३०

श्री वडा कार्यालय, सबै
सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु ।

**विषय: उपभोक्ता समिति गठन र लागत अनुमान सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ मा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने वडास्तरीय योजनाहरुको मिति २०८१/०६/२० गतेभित्र यस कार्यालयबाट तोकिएको ढाँचामा वास्तविक लाभग्राहीहरुको आम भेला गराई देहायका शर्तहरुको अधीनमा रही ७ देखि ११ सदस्यीय उंपभोक्ता समिति गठन गरी स्वीकृत योजनाको लागत अनुमान (ईष्टिमेट) सहित त्यस वडा कार्यालयमा उक्त मितिभित्र योजना सम्झौता गर्ने व्यवस्था मिलाउनु हुन अनुरोध गरिन्छ ।

**उपभोक्ता समिति र अनुगमन तथा सुपरीवेक्षण समिति गठनका शर्तहरु**

१.उपभोक्ता समिति ७ देखि ११ सदस्यीय हुनु पर्नेछ । समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा महिला सहभागिता अनिवार्य रहेको छ ।साथै समितिमा कम्तीमा ३३% महिला प्रतिनिधित्व अनिवार्य रहेको छ ।साथै एकाघरको सदस्य एउटा मात्रै उपभोक्ता समिति बाहेक अर्को उपभोक्त समितिमा प्रतिनिधित्व गर्न पाउने छैन ।
२.उपभोक्ता समितिमा बहालवाला शिक्षक, कर्मचारी तथा जनप्रतिनिधीले प्रतिनिधित्व गर्न पाउने छैनन् ।
३.अनुगमन तथा संहजीकरण समिति ३ देखि ५ सदस्यीय हुनुपर्नेछ । ३ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समितिमा कम्तीमा १ जना महिला सहभागिता र ५ सदस्यीय अनुगमन समितिमा कम्तिमा २ जना महिला सहभागिता अनिवार्य रहेको छ ।

**योजना सम्झौताका लागि आवश्यक कागजातहरू:**

१. आमभेलाको निर्णय,
२. लागत अनुमान
३. वडाको सिफारिस,
४. उपभोक्ता समितिका पदाधिकारीहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
५. भवन निर्माण/ मर्मतका लागि जग्गाधनी प्रमाणपुर्जा र संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,
६. योजना सम्झौता गरी पाउँ भन्ने व्यहोराको निवेदन ।

२०८१/०५/३०
रामकुमार खड्का
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री प्राविधिक शाखा
सोलुदुधकुण्ड नगर कार्यपालिकाको कार्यालयः उपभोक्ता समिति गठन भए पश्चात तत्काल लागत अनुमान तयार गर्ने व्यवस्था हुन ।